सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

आ.व. २०८२/०८३ को कात्तिकदेखि पौष महिनासम्म सम्पादन गरिएको कार्यहरुको दोस्रो त्रैमासिक विवरण

स्वत: प्रकाशन

(Proactive Disclosures)



नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

सुर्खेत

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ। सोही बमोजिम यस कार्यालयबाट सम्पादन भएका २०८२ कात्तिकदेखि पौष महिना मसान्तसम्मको त्रैमासिक विवरण प्रकाशन गरिएको छ।

(क) परिचयः

स्थानीय प्रशासन ऐन २०२२, मधेश गोश्वारा ऐन, २०१२ काठमाडौं उपत्यकाञ्चल कमिश्नर मेजिष्ट्रटको सवाल २००९, गौडा गोश्वरा सम्बन्धी प्रशासन (सामाजिक) ऐन २०१९, मधेश गोश्वारा ऐन २०१२ (पहाड तर्फ समेत) लागु गर्ने ऐन, २०१४ खारेज गरी स्थानीय प्रशासन ऐन, २०२८ जारी भएको हो। स्थानीय प्रशासन सम्बन्धी कानूनलाई विकेन्द्रीत प्रशासन व्यवस्था अनुरुप संशोधन र एकीकरण गर्न तथा शान्ति र व्यवस्था कायम राख्न ऐनद्वारा प्रमुख जिल्ला अधिकारीको कार्यालय रहने व्यवस्था भएको हो। कार्यालयको नाम प्रमुख जिल्ला अधिकारीको कार्यालय, जिल्ला कार्यालय हुँदै जिल्ला प्रशासन कार्यालयमा रुपान्तरण भएको छ।

(ख) कार्यालयको स्वरुप र प्रकृतिः

स्थनीय प्रशासन ऐन, २०२८ अनुसार प्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था बमोजिम जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो। उक्त ऐनले गरेको व्यवस्था अनुसार नेपाल सरकारको जिल्ला स्थित प्रतिनिधीको रुपमा रहने प्रमुख जिल्ला अधिकारीले यस कार्यालयको प्रमुख प्रशासकीय अधिकारीका रुपमा भूमिका निर्वाह गरेको हुन्छ। जिल्लाको प्रमुख प्रशासकिय निकाय हुनुका साथै कानून बमोजिम विभिन्न मुद्दाहरुको शुरु कारवाही र किनारा लगाउने यो एक अर्धन्यायिक निकाय पनि हो।

(ग) काम, कर्तव्य र अधिकारः

जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकारः

१. आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन;
२. जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने;
३. हातहतियार र खरखजानाको इजाजत सम्बन्धी सिफारिस र नियन्त्रण;
४. विस्फोटक पदार्थ सिफारिस र नियमन;
५. विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन;
६. सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन;
७. गैरसरकारी, सङ्घ, संस्था दर्ता, नवीकरण र नियमन;
८. स्थानीय प्रशासनको सञ्चालन;
९. नागरिकता वितरण;
१०. बाल कल्याण तथा बाल अधिकारको संरक्षण;
११. कार्यालय निरीक्षण तथा अनुगमन;
१२. कल्याण धन र बेवारिसी धनको व्यवस्थापन;
१३. चिठ्ठा, जुवा आदिको नियन्त्रण;
१४. सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको

हित प्रसाद पौडेल
प्रशासकीय अधिकृत

नियन्त्रण;

१५. विपद् व्यवस्थापन;

१६. जिल्ला स्तरमा सार्वजनिक उत्सव;

१७. मुआब्जा निर्धारण तथा वितरण;

१८. पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस;

१९. जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तीको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने;

२०. राहदानी वितरण;

२१. लागू औषध नियन्त्रण र प्रशासन;

२२. जिल्ला स्थित कारागारको व्यवस्थापन;

२३. जिल्ला भित्र बजार अनुगमन, नियमन तथा नियन्त्रण;

२४. द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण;

२५. नाता प्रमाणित;

२६. निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन;

२७. जिल्ला स्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको परिचालन र प्रयोग;

२८. राष्ट्रिय अनुसन्धानसँगको समन्वय सूचना सङ्कलन र विश्लेषण;

२९. जिल्लामा सञ्चालित विकास निर्माण कार्यमा सहयोग;

३०. कानून बमोजिम तोकिए अनुसार विभिन्न मुद्दाको सुरु कारवाही र किनारा गर्ने।

३१. सरकारी वा सार्वजनिक जग्गामा घर बनाएमा रोक्का गर्ने र भत्काउने।

३२. जिल्ला भित्रको सार्वजनिक पार्टी, पौवा, धारा, कुवा, सत्तल, मन्दिर, धर्मशाला आदिको लगत राख्ने।

३३. पुरातात्विक/सार्वजनिक सम्पत्तिको अभिलेख राख्ने, संरक्षण गर्ने।

३४. राष्ट्रिय परिचय पत्रको विवरण दर्ता कार्य गर्ने,

३५. अन्य तोकिएका कार्यहरु।

(घ) कर्मचारी दरवन्दी तेरिज:

सि.न.	कर्मचारीको पद	श्रेणी	सेवा	समूह	पद सख्या	पदपुर्ति भएको सख्या	कैफियत
१.	प्र.जि.अ.	रा.प.प्रथम	प्रशासन	सामान्य प्रशासन	१	१	
२.	स.प्र.जि.अ.	रा.प.द्वितिय	प्रशासन	सामान्य प्रशासन	१	१	
३.	प्रशासकीय अधिकृत	रा.प.तृतिय	प्रशासन	सामान्य प्रशासन	३	३	
४.	ना.सु.	रा.प.अन. प्रथम	प्रशासन	सामान्य प्रशासन	११	१३	२ जना काजमा
५.	क.अ.	रा.प.अन. प्रथम	विविध	विविध	३	३	
६.	लेखापाल	रा.प.अन. प्रथम	प्रशासन	लेखा	१	१	
७.	खरिदार	रा.प.अन. द्वितिय	प्रशासन	सामान्य प्रशासन	५	७	२ जना काजमा
८.	का.स.	श्रेणी विहिन			७	६	
९.	ह.स.चा	श्रेणी विहिन	करार सेवा		२	२	

हित प्रसाद पौडेल
प्रशासकीय अधिकृत

(ङ) कर्मचारी विवरण (फाँट अनुसार)

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सुर्खेत

क्र.सं.	कर्मचारीको नाम, थर		मोवाईल नम्बर	सम्वन्धित फाँट
१	श्री जगदिश्वर उपाध्याय	प्रमुख जिल्ला अधिकारी	९८५८००७७७७	
२	श्री डिल बहादुर कार्की	सहायक प्रमुख जिल्ला अधिकारी	९८५८०७७७९७	
३	श्री हित प्रसाद पौडेल	प्रशासकीय अधिकृत	९८५११९०५१०	
४	श्री भरत खनाल	प्रशासकीय अधिकृत	९८४८०७५५५६	
५	श्री गिता बरै मगर	प्रशासकीय अधिकृत/ सूचना अधिकारी	९८४८०४१५९६ ९८५८०२३८५५	
६	श्री नर बहादुर थापा	लेखापाल	९८५८०५१७९९	लेखा फाँट
७	श्री नवराज बम	नायव सुब्बा	९८४८३०२५५३	DEOC
८	श्री राम बहादुर चौधरी	नायव सुव्वा	९८४८१०७२०१	मुद्दा फाँट
९	श्री छविराज कडेल	नायव सुब्बा	९८४८०७४९४८	संघसंस्था फाँट
१०	श्री कमला सापकोटा	नायव सुब्बा	९८४८२३०४३८	नागरिकता फाँट
११	श्री गेश कुमारी उपाध्याय	नायब सुब्बा	९८४८०३९६४३	राहदानी फाँट
१२	श्री कविराज वि.सी.	नायब सुब्बा	९८४९०८५९४४	प्रशासन फाँट
१३	श्री दिल कुमारी चौधरी	नायब सुब्बा	९८४८२११३२१	राहदानी फाँट
१४	श्री निर्मला रेग्मी	नायब सुब्बा	९८४८०५१४८५	नागरिकता फाँट
१५	श्री उर्मिला कुमारी शाही	नायब सुब्बा	९८४८११४२५१	नागरिकता फाँट
१६	श्री खिमा पौडेल	नायब सुब्बा	९८४८२९२५५०	नागरिकता फाँट
१७	श्री सृजना चौलागाई	नायब सुब्बा (काज)	९८४८३९२४२४	नागरिकता फाँट
१८	श्री ईश्वर रेग्मी	कम्प्युटर अपरेटर	९८५८०५१५६५	कम्प्यूटर फाँट
१९	श्री गोविन्द बहादुर खत्री	कम्प्युटर अपरेटर	९८६८६६३००६	निजी सचिवालय/जिन्सी
२०	श्री निर्मला कुमारी बम	कम्प्युटर अपरेटर	९८६७३१६५८३	नागरिकता फाँट
२१	श्री विदुर कटुवाल	कम्प्युटर अपरेटर (करार)	९८४८०३७९३०	राष्ट्रिय परिचय पत्र फाँट
२२	श्री लोक विजय पोखेल	कम्प्युटर अपरेटर (करार)	९८४१४४५०७९	राष्ट्रिय परिचय पत्र फाँट
२३	श्री सुगम चौधरी	कम्प्युटर अपरेटर (करार)	९८६२७१४५७२	राष्ट्रिय परिचय पत्र स्टेशन
२४	श्री योगेश योगी	कम्प्युटर अपरेटर (करार)	९८४९६२३८७९	राष्ट्रिय परिचय पत्र फाँट
२५	श्री राधिका कुमारी कटुवाल	कम्प्युटर अपरेटर (करार)	९८६८९१०१११	राष्ट्रिय परिचय पत्र फाँट
२६	श्री देव बहादुर ठाडा मगर	खरिदार	९८४८११७८७३	मुद्दा फाँट
२७	श्री भगिराम शर्मा	खरिदार	९८५८०६०९४४	दर्ता/चलानी फाँट
२८	श्री सकुन्तला कुमारी उपाध्याय	खरिदार	९८६८०३१४७८	नागरिकता फाँट
२९	श्री मान बहादुर शाही	खरिदार	९८६१४१०८२४	राहदानी फाँट
३०	श्री प्रभा भण्डारी	खरिदार	९८४१३३२०३०	राहदानी फाँट
३१	श्री टेकेन्द्र न्यौपाने	खरिदार (काज)	९८४२३२६१३४	प्रशासन फाँट

हित प्रसाद पौडेल
प्रशासकीय अधिकृत